सुरक्षा र न्याय अध्ययन केन्द्र
CENTRE FOR SECURITY AND JUSTICE STUDIES

SEMINAR PAPER

# OCCUPATIONAL CRIMES IN NEPAL

ANANT RAM BHATTARAI
FORMER ADDITIONAL INSPECTOR GENERAL OF POLICE
NEPAL POLICE

PROGRAM SUPPORTED BY THE ASIA FOUNDATION

# व्यवसायिक अपराध (Occupational Crime)

अनन्तराम भट्टराई
प्रहरी अतिरिक्त महानिरिक्षक (अ.प्रा.)

अपराध भन्ना साथै आम रुपमा परम्परागत अपराध अर्थात चोरी, डकैती, हत्या, बलात्कार आदि संझिईन्छ ! यस्तै परम्परागत र चल्तीका अपराधहरु प्रति नै आम जन साधारण र कानुन कार्यान्वयनमा संलग्न अधिकारीहरु समेत विशेष रुपले चासो राख्ने र चनाखो समेत रहने गर्दछन् । यस्तै परम्परागत अपराधहरु प्रति नै आम जनसाधारण लगायत विभिन्न संचार माध्यमहरु निकै संवेदनशिल रहने गर्दछन्, सानो अपराध पनि ठूला रुपमा प्रस्तुत हुन्छन् र कानुन कार्यान्वयनमा संलग्न निकायहरु आलोचना वा प्रशंसाको मात्र बन्दछन्, बनाईन्छन् । विभिन्न समयमा विभिन्न अपराधशास्त्रीहरुले पनि यिनै परम्परागत अपराधहरुलाई नै प्रमुख आधारमानी अपराध र अपराधीहरु वारे विभिन्न किसिमका परिभाषा विभिन्न सिद्धान्तहरु प्रतिपादन गरेकाछन् ।

विश्वमा द्रुत गतिले भईरहेको भौतिक विकाश, आर्थिक उन्नति नयाँ नयाँ प्रविधिको आविष्कार सूचना प्रविधिमा प्रगतिले अपराध जगतमा समेत निकै प्रभाव पारेकोछ । यस परिस्थितिमा अपराध नियन्त्रण र कानून कार्यान्वयन गर्ने निकाय वडी सकृय, सक्षम र साधन सम्पन्न हुन एकातर्फ अत्यन्त जरुरी भईसकेको छ भने अर्को तर्फ नयाँ नयाँ किसिमका अपराधहरुलाई कानूनको दायरामा ल्याउन समयानुकुल ऐन कानूनको तर्जुमा गर्नु नितान्त आवश्यक भई सकेकोछ । परम्परागत अपराध तर्फ मात्र ध्यान जाने प्रबृत्ति तर्फ मात्र केन्द्रित नरही समाजमा देखा परिरहेको नयाँ नयाँ किसिमका अपराध तर्फ अन्वेषण, अनुसन्धान अत्यावश्यक भई सकेको छ । यस तर्फ सरकार, कानुन कार्यान्वयनमा सम्लग्न निकायहरु मात्र नभई आम जनसाधारण, उपभोक्ता समाजसेवी, गैर सरकारी संघ संस्था, संचारकर्मी आदि सवैको अहमं भूमिका रहन्छ ।

प्रख्यात अपराधशास्त्री एडविन एच. सदरलैण्ड (Edwin H. Sutherland) ले आजभन्दा करिव ७० वर्ष अगाडी नै परम्परागत अपराध भन्दा डरलाग्दो अपराधको अर्को पक्ष छ अर्थात् समाजमा अपेक्षाकृत आदरयुक्त र उच्च सामाजिक प्रतिष्ठा प्राप्त उच्च तथा उच्च मध्यम वर्गिय व्यक्तिहरुले आफ्नो निहित स्वार्थ पुरा गर्न र खासगरी आर्थिक लाभ प्राप्त गर्न विभिन्न अपराधहरु गर्ने गरेको तर्फ ध्यान आकर्षण गर्दै यस्ता व्यक्तिहरुले गर्ने अपराधलाई सफेदपोश अपराध (White Collar Crime) नामाकरण गरे । त्यस बखत पश्चिमा विकसित मुलकहरुमा सरकारी कार्यालय, कर्पोरेट अफिस, ठूलाठूला व्यवसायिक प्रतिष्ठान

आदिहरुमा काम गर्ने अपेक्षाकृत शिक्षित कामदारहरुलाई सफेदपोश (White Collar) र उद्योग, कलकारखाना आदिमा काम गर्ने श्रमिकहरुलाई ब्लु कलर (Blue Collar) भन्ने प्रचलन थियो ।

राजनीतिकर्मी, सरकारी कर्मचारी, ठूला व्यावसयिक प्रतिष्ठान आदिहरुबाट समेत व्यापक अपराध हुने र यस्ता अपराधहरु धनोपार्जनसंग सम्बन्धित हुने तथा यस तर्फ भने अपराधशास्त्रीहरुको ध्यान जान नसकेको र अपराधशास्त्रीहरु परम्परागत अपराधहरुको व्याख्या तर्फ मात्र अलमलिएको सदरल्याडको भनाई थियो । यसै परिवेशमा अपराधशास्त्री सदरल्याण्डले तत्कालिन समाजशास्त्रीहरुलाई समाजका माथिल्ला तथा संभ्रान्त वर्गहरुबाट हुने अपराधहरु सम्बन्धमा विशेष ध्यान दिन आग्रह गरी नै रहे । सदरल्याण्डले समाजका माथिल्ला, उच्च संभ्रान्त वर्ग भनी शक्तिमा रहेका राजनीतिकर्मी सरकारी कर्मचारीहरु, सत्तामा पहुँच भएका व्यक्तिहरु, व्यवसायिहरु आदि तर्फ इंगित गरेका थिए । उनको सफेदपोश अपराधको परिभाषा यस्ता उल्लेखित व्यक्तिहरुबाट विभिन्न रुपले गरिने भ्रष्टाचार तर्फ इंगित थियो । एसले पनि आम जनमानसमा सफेदपोश अपराध भन्नाले भ्रष्टाचार भन्ने अर्थ लगाईन्छ ।

सदरल्याण्डको सफेदपोश अपराध सम्बन्धि सिद्धान्तको समर्थन र आलोचना विभिन्न अपराधशास्त्री तथा समाजशास्त्रीशरुबाट भईनै रह्यो । समर्थन गर्नेले यो व्याख्या पूर्ण नभएतापनि यथार्य छ भने, आलोचना गर्नले उच्च वर्ग, संभ्रान्त वर्गमात्र यस्तो अपराधमा संलग्न भन्न नमिल्ने विभिन्न किसिमका अपराधमा सवै वर्गका व्यक्तिहरु संलग्न हुने तथा सदरल्याण्डको व्याख्या सरकारी कर्मचारी, कर्पोरेट कर्मचारी आदि तर्फ मात्र केन्द्रित रहेको आदि भन्ने रह्यो । तर आज यस कार्यपत्रको तात्पर्य सिद्धान्तको व्याख्या यस्को आलोचना, प्रत्यालोचन, यस सम्बन्धि नयाँ अवधारणाको अध्ययन आदि गर्न र विभिन्न अपराध सम्बन्धि सिद्धान्तहरु वारे गर्ने नभई विभिन्न व्यवसायको आड (Cover) मा नेपालमा झाँगिदै गएको व्यवसायगत अपराध, नेपालमा आम समुदायमा यस्ता व्यवसायगत अपराधबाट भएको र हुन सक्ने पीडा र यस्तो अपराध प्रति उपभोक्ता वर्ग, विभिन्न सामाजिक संघ संस्था, आम नागरिक, कानून कार्यान्वयन निकाय, संचार माध्यम र सरकार समेतको भूमिका वारे छलफल मात्र रहेको हुँदा यसै तर्फ सिमित रहने प्रयत्न गरिएको छ । व्यवसायगत अपराध के हो भन्ने सक्षिप्त विवेचना भने आवश्यक हुँदा अत्यन्तै संक्षेपमा उल्लेख गरिएको छ ।

सदरल्याण्डले व्याख्या तथा प्रतिपादित गरेको सफेदपोश अपराधको परिभाषाले परम्परागत अपराध भन्दा भिन्न विभिन्न व्यसायको र व्यक्तिगत रुपमा समेत गरिने अपराध समेट्न नसकेको महशुस गरी अपराधशास्त्रीहरु क्लिनार्ड (Clinard) क्यूनी (Quinney) गेरी ग्रिन (Gray Green) आदिले व्यवसायगत अपराध अर्थात विभिन्न व्यवसायको आडमा गरिने अपराधहरुलाई व्यवसायगत अपराध (Occupational Crime) भनी व्याख्या गरे । गेरी ग्रिनको परिभाषा अनुसार “कुनै कार्य जुन कानुनन्

दण्डनिय छ, तर वैध व्यवसायको आडमा गरिन्छ भने त्यस्तो अपराध व्यवसायगत अपराध हो । आर्थत् वैध व्यवसायको आडमा व्यवसायको संहिता र प्रचलित कानुन विपरित कार्य गर्नु नै व्यवसायगत अपराध हो ।

गेसले (Geysley) लगायत विभिन्न अपराधशास्त्रीहरुले विभिन्न समयमा विभिन्न किसिमले व्यसायिक अपराध परिभाषित गरेको र व्यवसायगत अपराधलाई विभिन्न वर्गमा विभाजित गरेको पाईन्छ । जस्तैः संगठनात्मक व्यवसायिक अपवराध, राज्यको विभिन्न निकायबाट हुने व्यवसायगत अपराध, पेशागत व्यवसायगत अपराध, व्यक्तिगत व्यवसायगत अपराध । अर्को तर्फ हरवर्ट एडेलहर्ट (Herbert Edelharts) ले पनि माथिको वर्गिकरण संग मिल्दो जुल्दो वर्गिकरण गरेका छन् । अर्थात् अपराधकर्मीको व्यक्तिगत मनसायबाट, व्यवसायमा रहेको अवसरको फाईदाबाट, जस्तै विभिन्न सेवाग्राही कार्यालयमा घुस, उपहार आदि अपराध कार्यलाई नै व्यवसायको मुख्य आधार बनाई गर्ने व्यवसायगत अपराध जस्तै जाली योजना खाद्य योजना, धार्मिक ठगी, जडीबुटी तन्त्रमन्त्र आदि आदि । यसैगरी विभिन्न अपराधशास्त्रीहरुले कसैले अपराधको प्रकति अनुसार, कसैले व्यवसाय अनुसार र कसैले अपराधीहरुको आधारमा पनि गरेको पाईन्छ । त्यस तर्फ पनि हाल वृस्तित चर्चाको आवश्यकता देखिदैन ।

माथि व्यवसायगत अपराधको अति सामान्य सरल जानकारीको मात्र प्रयत्न गरिएको हो । नेपालमा व्यवसायगत अपराधका संम्बन्धमा, जुन आजको छलफलको प्रमुख विषय हो, माथि केही विवेचना गर्ने प्रयास गरिएको छ ।

नेपालमा व्यवसायगत अपराधको मात्रा, व्सायिक अपराधबाट पीडित जनसाधारण, यस सम्बन्धी ऐन कानून, दण्डको व्यवस्था आदि वारे हालसम्म कुनै अध्ययन अनुसन्धान भएको छैन । नेपालमा व्यवसायगत अपराध सम्बन्धमा अनुमान गर्नु पर्दा परम्परागत अपराध चोरी, डकैती आदिबाट भन्दा कैयौं गुणा बढी व्यवसायगत अपराधबाट पीडित हुने गरेको सहजै अुमान गर्न सकिन्छ । नेपालमा व्यवसायगत अपराध कति मौलाएको छ भन्ने कुरा अनुमान गर्न धेरै ठूलो अध्ययन आवश्यक देखिदैन । दिन दिनै प्रकाशित हुने विभिन्न पत्रपत्रिकाबा लेख समाचार प्रकाशित विज्ञापनहरुले स्पष्ट पार्दछ । विभिन्न व्यवसायका आडमा हुने विभिन्न व्यवसायगत अपराधहरु मध्ये चिकित्सा सम्बन्धि व्यवसायगत अपराधबाट अनुमान गरौं ।

“.......झापाको चारआली स्थित मनकामना अस्पतालका डाक्टर दिलिपकुमार यादव नेपाल मेडिकल काउन्सिलको परिक्षा पास गर्न नसकी लाईसेन्स नपाएतापनि काम गरी नै रहेको र निजले नै प्रसुती गराउने क्रममा एक महिलाको मृत्यु भएको.................।”

“.............त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पतालमा स्वास्थ्य परिक्षण गराउँदा काठमाडौं

वालुवाटारका ३६ बर्षिय रामकृष्णको हच्किन्स लिम्फोमा क्यान्सर देखियो । एक महिना अघि घर नजिकैको काड्रा डाइग्सोस्टिक सेन्टरमा जाँच गराएको रिपोर्टमा देखिएन । रिपोर्टमा शिक्षण अस्पतालकै प्याथोलोजिष्ट विशेषज्ञको हस्ताक्षर थियो । खोजी गर्दा हस्ताक्षर नक्कली पाईयो ।

"...............सडक दुर्घटनामा घाईते चितवन कृष्णपुर ७ का ५७ बर्षिय केदार नाथ पौडेललाई भरतपुरको मनकामना अस्तपालमा पुर्याइयो । सिटिस्क्यान गर्दा उनको टाउकोमा गंभिर चोट लागेको पाईयो । दोश्रो पटक गरेको सिटिस्क्यान रिपोर्टमा उनको स्वास्थ्य सामान्य देखियो । केही दिन पछी उनको मृत्यु भयो । अनुसन्धानबाट सिटी स्क्यान चितवनमा गरियता पनि त्यस रिपोर्टमा हस्ताक्षर काठमाडौं मै बसेर एक रेडियोलोजिष्टले टेलीमेडिसिन (Telemedicine) को माध्यमबाट गरेको खुल्न आयो । आफ्नो सेवा कमजोर भएपछि विरामीलाई विश्वास दिलाउन प्याथोलोजिष्ट वा रेडियोलोजिष्ट नभएको स्थानबाट किर्ते हस्ताक्षर गरी रिपोर्ट दिएको देखिन्छ । साथै व्यापारिक फाईदाका लागि विरामीको जिन्दगी संग खेलवाड गर्दै टेलीमेडिसिनको दुरुपयोग भएको स्पष्ट हुन्छ ।"

अन्नपूर्ण पोष्टमा दिपा दाहाल
९ श्रावण २०७१

"काठमाडौं हलचोक स्थित चीन नेपाल मैत्री अस्पताल संचालन भई रहेतापनि अनुमती लिएको छैन । राजनैतिक हस्तक्षेप गुण्डा गर्दी र एक जना सहसचिवले कार्वाही वारे न सोच्न मेडिकल काउन्सिललाई धम्की समेत दिएको......................।"

अन्नपूर्ण पोष्टमा दिपा दाहाल
९ श्रावण २०७१

उल्लेखित प्रकाशित विवरण नेपालमा स्वास्थ्य क्षेत्रमा भईरहेको व्यवसायगत अपराधहरुको केही प्रतिनिधि नमूनाहरु मात्र हुन् । सर्वसाधारणको अशक्ताको, रोगको ज्यादै संवेदनशिल अवस्थालाई आफ्नो अर्थोपार्जनको साधन बनाउने जस्तो संवेदनहिन र अनैतिक कार्य हरु हुन सक्दैन । सरकारी अस्पतालहरु खासगरी वीर अस्पताल जस्तो अरवौंको बजेट भएको अस्तपाल समेतको अवस्था अत्यन्तै नाजुक रहेको सवैको सामु स्पष्टछ । वीर अस्पतालबाट समेत त्यहाँ गएका गरिब बिरामीहरुलाई त्यहाँ कार्यरत डाक्टरहरुद्वारा संचालित निजी क्लिनिकहरुमा सिफारिस गर्ने गरेको समाचार केही दिन अघि विभिन्न पत्रपत्रिकाहरुका प्रकाशित भएको देखिन्छ । यस्को अतिरिक्त कमिशनको लोभमा आवश्यक नभएको जाँच (Lab Test), एक्सरे, सिटी स्क्यान, एम आर आई इत्यादि गराउने कार्य पनि प्रचुर मात्रामा भईरहेको

प्रसस्त गुनासाहरु सुनिएको, जुन यथार्थमा सत्य छ । वीर अस्पतालमा २ हजारमा सम्पन्न हुने उपचार निजी अस्पतालमा ४० हजार लिएको समाचार केही दिन अघि मात्र पत्रपत्रिकामा प्रकाशित भएको छ छ ।

काठमाडौं उपत्यका वाहिरको सरकारी अस्पतालहरुको स्थिति अझै नाजुक छ । अस्पताल प्रत्येक डाक्टरहरुले निजी क्लिनिक संचालन गरेका छन् र प्राय: विरामीहरुलाई आफ्नै निजी क्लिनिक मै जान उत्पेरित गरी रहेको देखिन्छ । यस्को अतिरिक्त तराईका खासगरी दूरदराज गाउँहरुमा नक्कली डाक्टरहरु उल्लेखित मात्रामा भेटिन्छ ।

औषधी र स्वास्थ्य सम्बन्धि अन्य केही विज्ञापनहरु हेरौं ।

“अभियान- विहीवार श्रावण २२ गते, २०७१ मा प्रकाशित विज्ञापन”

आफै सजिलौ रोग तान्ने फाल्ने नयाँ टेक्नोलोजी मेसिनद्वारा वाथ, दम, सुगर प्रेशर, पायल्स, नसाका रोगहरु, खुट्टा झमझमाउने, पोल्ने लगायतका विभिन्न रोगहरु लाग्ने तत्वहरु औषधीको प्रयोग नगरी सजिलै तानी रोग मुक्त जीवन बाँच्नको लागि हामीलाई सम्झनुहोस् ।

निजानन्द निरोग सेवा, पेप्सीकोला

१६ श्रावण २०७१ को दैनिक पत्रिका “नयाँ पत्रिका” मा प्रकाशित विज्ञापनहरु मध्ये १७ ओटा विज्ञापन यौन सम्बन्धित छन् । जस्को शिर्षक निम्नानुसार छ :-

१. यौन बर्द्धक आयल २. यौन पावरबर्द्धक ३. सौन्दर्य सेक्स ४. व्रेष्ट बढाउने स्टेप अप ५. सेक्स बर्द्धक Man of Iron ६. यौन शक्ति बर्द्धक ७. यौन सन्तुष्टी ८. यौन उपचार ९.लम्बाई मोटाई बढाउन १०. सेक्स बर्द्धक Power Max Power १२. Yoko स्तन बढाउने १३. स्तन बढाउन घटाउन Tight गर्न १६. Power बढाउन योनी टाईट गर्न १७. स्लीम पस आदि आदि यसै गरी यस्तै प्रकारको विज्ञापन कान्तिपुर दैनिक लगायत प्राय: पत्रिकाहरुमा प्रत्येक दिन देख्न सकिन्छ । यो कार्यपत्र तयार गर्ने सिलसिलामा ४ दिनको विज्ञापन खण्ड हेर्दा औषतमा प्रतिदिन कान्तिपुरमा १०, नेपालीपत्रमा १७, र अन्य पत्रपत्रिकामा १५ विज्ञापन देखिएको उल्लेख गर्न चाहान्छु ।

नेपाल औषधी ऐन २०३५ मा व्यवस्था भए अनुसार,

१. उत्पादित प्रत्येक औषधी दर्ता गरी प्रमाणपत्र लिनु पर्ने (दफा ८)

२. औषधीको विक्रि वितरण गर्ने व्यक्तिले आफ्नो नाम र पसल वा फर्म विभागमा दर्ता गराई प्रमाणपत्र लिनु पर्ने र सो दर्ता दुई/दुई बर्षमा नवीकरण गर्नु पर्ने (दफा ११)

३. कुनै उद्योगले उत्पादन गरेको प्रत्येक औषधी विक्री वितरण गर्नु अघि त्यस्तो औषधी उत्पादन गर्ने उद्योगले..............................औषधी दर्ता प्रमाणपत्र लिनु पर्ने (दफा ८ क)

४. औषधी विक्री वितरण गर्ने व्यक्तिले आफ्नो नाम, पसल वा फर्म दर्ता गराई प्रमाण पत्र लिनु पर्ने (दफा १०)

५. ................दर्ता भएको औषधी मात्र विक्री वितरण गर्नु पर्ने......... (दफा १० क)

६. औषधी जनसुरक्षित, असरयुक्त र गुणयुक्त हुनु पर्ने (दफा १२ क) प्रत्याभूति लिखित रुपमा दिनु पर्ने ।

७. औषधीको मुद्दा वा भ्रमात्मक प्रचार गर्न नहुने - कुनै व्यक्ति औषधीको प्रयोग, उपयोगिता वा प्रभावकारिता सम्बन्धमा झुठा वा भ्रमात्मक प्रचार वा विज्ञापन गर्न हुँदैन । कुनै औषधीको प्रचार वा विज्ञापन गर्न चाहने व्यक्तिले त्यस्को लागि तोकिएको दस्तुर तिरी तोकिए बमोजिक विभागबाट अनुमति पत्र लिनु पर्नेछ । (दफा १९)

औषधी ऐन २०३५ ले प्रतिबन्ध लगाउने, जरिवाना दण्ड गर्ने, ३ बर्षसम्म कैद गर्ने आदि व्यवस्था गरेतापनि यस तर्फ राज्यको ध्यान पटक्कै पुगेको देखिदैन ।

कुनै पनि अपराधकार्यका लागि ३ तत्व अनिवार्य रुपले विद्यामान हुनु पर्दछ । १. पीडित २. अपराधी र ३ अवसर पीडित र अपराधी विद्यामान भए पनि अवसर जुटाउन अपेक्षाकृत योजना, मिहेनत गर्नु पर्दछ । अवसरका लागि लामो प्रतिक्षा गर्नु पर्ने हुन सक्छ । तर व्यवसायगत अपराधमा अरु भन्दा सहजै अवसर श्रृजना हुन्छ । उदाहरणका लागि कुनै अशक्त विभिन्न उपचारबाट थाकेको व्यक्ति नक्कली उपचारको प्रलोभनमा सहजै फस्न पुग्छ । सवै चिज गरे, योपनि एकपटक प्रयोग गरौ  न त भन्ने मनोविज्ञानले काम गर्ने हुँदा सहजै ठगिन पुग्छ ।

माथि उल्लेख गरिएको यौन सम्बन्धि विभिन्न विज्ञापन को पछाडी पनि सर्वसाधारण प्रयोग गरी हेरौं  भन्ने मानसिकताबाट ग्रसित भई व्यवसायगत अपराधको जालोमा फस्न पुग्दछ । यौन सम्बन्धि मनोविज्ञान र नैसर्गिक तथा प्राकृतिक चाहानालाई व्यवसायगत झुण्डले सजिलै पूजिँकृत गरेको पाईन्छ । यही कारण यस अपराधमा अवसरपर्याप्त हुने देखिन्छ ।

नेपालमा सजिलै आकर्षण बढाउन सकिने अर्को क्षेत्र रोजगारी हो । एउटा रोजगारीको प्रलोभन दिई वेरोजगार युवा युवतीलाई अवैध, गैरकानूनी र आफ्नो इच्छा विपरित काम गराईने चर्चा समाजमा व्याप्त रहे पनि यस तर्फ अध्ययन, अनुसन्धान भएको जानकारी पाईएको छैन । नेपाल स्थित म्यानपावर कम्पनीहरु मार्फत विदेश खास गरी खाडी मुलुक गएका कतिपय नेपाली कामदारहरु एउटा काम भनी

गएको, अर्कै काममा लगाइएको, यहाँ विज्ञापनमा उल्लेख मासिक रकम भन्दा कम पारिश्रमिकमा लगाइएको, एउटा काम भनी महिला, युवती कामदारहरुलाई घरेलु काममा लगाइएको आदि समाचारहरु वरावर आई रहेको नै छ । यस्तो व्यसायिक अपराध त व्याप्त नै छ । अर्को तर्फ मुलुक भित्रको स्थिति पनि अन्वेषण र अनुसन्धानको विषय हुन सकेको छैन । यस सम्बन्धमा अनुमान गर्न यहाँ विभिन्न पत्र पत्रिकामा प्रकाशित केही विज्ञापन हेरौं ।

१२ श्रावण २०७१ को कान्तिपुर दैनिकपत्रिकाको वर्गिकृत विज्ञापन खण्डमा प्रकाशित विज्ञापनहरु :

१. तु. आवश्यकता, Test, SLC of above, ७ पुरुष ९ महिला, तलब १५०००/-(TA +Bonus)

२. भर्खरै खुलेको अफिस लाई ३७ जना तलब १८५००/- (TA +Bonus)

३. NCDB Company लाई १७ कर्मचारी तलब २०,०००/- सम्म Test, SLC of above

४. भर्खरै खुलेको अफिसलाई ११ पुरुष ७ महिला तलब १५००० + Extra

५. Urgent आवश्यकता ३९ कर्मचारी १८५००/- TA + Bonus + free training

६. आवस्यकता Test + SLC + Bachlor १८ जना महिला पुरुष ८५००/- देखी २९५००/- सम्म

७. ५५ कर्मचारी Urgent No interview Direct Job, Test + SLC

Part time १८५००/- Full Time ३६५००/-

८. ३२ कर्मचारी तु. आवश्यकता Test+SLC तलब १८५००/-

९. २२ कर्मचारी ८५००/- देखि १५०००/- सम्म

१०. २१ कर्मचारी १५५००/- TA+Bonus

११. १९ कर्मचारी १५०००/- १७५००/-

१२. ७५ कर्मचारी No interview १७५००/- देखि ३५५००/- सम्म

१३. १९ कर्मचारी Urgent १५५००/-

१४. ७१ कर्मचारी Urgent १८५००/- देखी ३५०००/-

१५. ६५ कर्मचारी Urgent १५५००/- देखी ३५०००/-

१६. ७४ कर्मचारी Urgent १०,००० देखी ३०,०००/- Part-time, Full Time, Overtime

१७.	४९ कर्मचारी १३५००/- देखि २७०००/-

१८.	३१ कर्मचारी ७०००/- देखि १५०००/-

१९.	२७ कर्मचारी ८५००/- देखि १५०००/-

२०.	महिला, पुरुष, गृहिणि, विद्यार्थी Urgent तलब १५०००/-

२१.	शिक्षित-अशिक्षित महिला पुरुष Urgent १५०००/-

२२.	पढे नपढेका महिला पुरुष Urgent खाजा, बस भाडा १६५००/- देखि २६५००/- सम्म

२३.	विदेशी प्रोजेक्ट - प्रतिदिन २०००/-

२४.	सुकेधारा अफिस - १५००/-

२५.	चावहिल अफिसलाई कर्मचारी - १८५००/-

२६.	कालिमाटी पढे नपढेका - १७०००/-

२७.	बौद्ध जोरपाटी साधारण महिला पुरुष - ३५५००/- खाजा + भाडा

२८.	नयाँ कम्पनीलाई ३० जना खान बस्न सहित - १८०००/-

२९.	G.W. कोटेश्वरलाई कर्मचारी - २१५००/-

३०.	चावहिल पढे नपढेका Test + SLC - ३५५००/-

३१.	American Project लाई Test + SLC ३६ कर्मचारी तलब ९०००/-, २७०००/-

३२.	फोन डायल गर्नलाई कर्मचारी - ८०००/-, १५०००/-, Job Guaranty

३३.	आजै देखि काम - तलब ९५००/-

यसरी एकै दिनको एउटा मात्र दैनिक पत्रिकामा संख्या खोलेको ६७८ कामदार मागको विज्ञापन र संख्या नखोली १७ विज्ञापन गरेको भेटियो । प्रतिदिन यत्रो वेरोजगार व्यक्तिहरुले विज्ञापनमा उल्लेख भए बमोजिम आकर्षक तलव सुविधा पाउने गरी रोजगार पाए मुलुक कहाँ पुगि सक्ने थियो । नपढेका व्यक्ति ३५,०००/- प्रति महिना पाउने गरी रोजगारी पाउने कल्पनासम्म पनि गर्न सकिने कुरा होइन । तसर्थ उल्लेखित विज्ञापन बारे सत्य तथ्य अनुसन्धान गर्दा धेरै कुरा सतहमा आउने निश्चित छ ।

अर्को तर्फ बैद्य व्यवसायको आडमा उपभोक्ता पिडीत भइरहेको अर्को उदाहरण हेरौं :-

१८-२४ श्रावणको हिमाल खवर पत्रिकामा प्रकाशित समाचार टिप्पणी ।

“नेपाल गुणस्तर तथा नापतौल विभागको संयुक्त बजार अनुगमन टोलीले ३० मंसिर २०७० मा नयाँ बानेश्वरको श्री व्रदर्श आयल स्टोर्सले ५ लिटर नापमा ४० मिलिलिटर कम पेट्रोल वेचिरहेको फेला पऱ्यो । दैनिक ५ हजार लिटर पेट्रोल वेच्ने उक्त स्टोर्सले पाँच महिना अवधिमा ७ लाख ८७ हजार थप मुनाफा प्राप्त गऱ्यो । त्यहि पम्पका सञ्चालकलाई सरकारले यस वर्ष “प्रवल जन सेवा श्री मानपदविबाट सम्मान गर्दैछ ।”

उपरोक्त समाचार अनुरुप धेरै जसो पेट्रोल पम्पहरुले निश्चित परिमाण भन्दा कम पेट्रोल दिने गरेको आम जन गुनासो छ । पेट्रोल पम्प बाहेक ट्याक्सी कारहरुको भाडा मिटर विगारी उपभोक्ताबाट ठगी भाडा असुल्ने कुरा सामान्य भइरहेको छ । यस्को अतिरिक्त नियम बमोजिम मिटरमा जान नमान्ने कुरा त सबैको जानकारीमा छ । यसै गरि नाप तौलमा व्यवसायिहरुले धाधलि गरी उपभोक्ता ठग्ने व्यावसायिक अपराधमा कति सम्म सलग्न छन् भन्ने कुरा २३ श्रावण २०७१ को कान्तिपुर दैनिकमा प्रकाशित समाचारको अंश उद्यृत गरिएको छ । “क्वाटिमा व्यापक ठगि” शिर्षक श्रन्तरगत समाचारमा “जनै पुर्णिमा नजिकिँदै गर्दा व्यवसायीले उपभोक्तालाई त्यतिखेर धेरै उपभोग हुने क्वाटिमा ठगि गर्न थालेका छन् । मुलुकभरि मनाइने पुर्णिमामा व्यवसायिले क्वाटिमा लेवल, तौल र मूल्य नराखी विक्रि गरेको भेटिएको छ । टेलिफोन र मौखिक उजुरीको आधारमा वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभागले गरेको अनुगमनमा व्यवसायिले प्याकिङ गरेको क्वाटिमा लेवल, तौल र मूल्य नराखी वेच्ने गरेको भेटिएको हो ।” पुर्णिमा नजिकियसँगै उपभोक्ताहरु ठगिने गरेको अनुगमन अधिकृत राजेन्द्र कार्कीले भने “विभागका अनुसार अनुगमनका क्रममा अधिकांश प्याकिङ गरिएको क्वाटी १ किलोको दरले विक्रि भइरहे पनि तौल लिदा १ किलो भन्दा कम भेटियो । काँडाधारीका ३ पसलमा प्याक गरेको क्वाटीको तौल ८५० ग्रामदेखि ९ सय ग्राम मात्रै थियो । सोहि समाचारमा” कुलेश्वर स्थित मुनायन देखि ट्रेडर्सले विक्रि गरेको रोहिणि स्पेशल स्टीम चामल नाम गरिएको बोरामा ३० किलो लेखिए पनि ४५० ग्राम कम तौल भेटियो ।” अनुगमन क्रममा १६ बोरा रहेको र १६ बोरा नै तौल गरिएकोमा सबैमा २५० ग्रामदेखि ४५० ग्रामसम्म कम भेटियो ।

यस्को अतिरिक्त उपभोक्ता संरक्षण ऐन २०५४ ले उत्पादित खाद्य सामाग्रीको प्याकिङमा उत्पादकको नाम ठेगाना वस्तुको मूल्य, व्याच नम्बर, उत्पादन मिति, उपभोग गर्न सकिने अवधि अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने भएता पनि यस्तो नियम पालना नगरिएको र कुनै कुरा उल्लेख नगरी खाद्य सामाग्रीहरु बेच, विखन भई रहेको पर्याप्त मात्रमा भेटिन्छ । राजधानीमा आकल झुकल रुपमा जिम्मेवार

निकायले अनुगमन गरेको समाचार यदाकदा आएता पनि राजधानी वर परकै गाउँहरुमा म्याद नाघेको अखाद्य पदार्थहरु विक्रि भइरहेको पर्याप्त मात्रामा देखिन्छ ।

व्यवसायगत रुपमा हुने अपराधमा खाद्य सामाग्रीमा मिसावट पनि अर्को ठूलो समस्याको रुपमा रहेको छ ।

सार्वजनिक यातायात व्यवसायिहरुबाट समेत उपभोक्ताहरु ज्यादै पिडित भएका छन् । सार्वजानिक यातायातमा ऐनद्वारा सिन्डीकेट बर्जित गरेको र सर्वोच्च अदालतबाट सिन्डीकेट अवैध भनी फैसला गरेता पनि हट्न सकेको छैन । एकातिर यात्रु बाहक बस व्यवसायिहरुको सिन्डीकेटले पैसा तिरी यात्रा गर्ने यात्रुहरुले आफ्नो सुविधा अनुरुप सवारी साधन प्रयोग गर्नबाट वञ्चित छन् भने प्रतिस्पर्धामा नयाँ व्यवसायी र नयाँ सवारी साधन प्रवेशमा अवरोध पुऱ्याउदा पुराना र पिडादायी यात्रा गर्न सर्व साधारणहरु मजवुर छन् ।

अर्को व्यवसायको आडमा शिक्षा क्षेत्रमा पनि सर्वसाधारण ठगिने कार्य भइ नै रहेको छ । १२ श्रावण २०७१ मा कान्तिपुर दैनिकमा प्रकाशित समाचार निम्नानुसार छ ।

SLC Fail ! With in 3 Months

100% Pass Result

यसै वर्ष +2 वा Bachelor Jion गर्न सकिने

सवै देशमा मान्यता प्राप्त

उपरोक्त विज्ञापनले पढाइमा कमजोर, एस.एल.सी. उत्तिर्ण हुन न सकेका विद्यार्थीहरु आकर्षित हुने सम्भावना धेरै रहन्छ । एस.एल.सी. बाटै वि.ए. भर्ना हुन सकिने र संसार भरी मान्यता प्राप्त भन्ने कुरा सरासर झुठा भन्ने कुरा अनुसन्धान गरी रहनु पर्दैन ।

यसै गरी विभिन्न "कन्सल्टेन्सीहरु बाट" विज्ञापनको भ्रममा परी कतिपय विद्यार्थीहरु संयुक्त अधिराज्य, वेलायत, सिंगापुर, अष्ट्रेलिया र क्यानडा लगायत विभिन्न मुलुकहरुमा पढ्न भनि गएको तर उक्त मुलुकहरुमा पुगेपछी संबन्धित कलेज, शिक्षण संस्थाहरु कतिपय दर्ता नै नभएको, कतिपय अवैध र कतिपय कतैबाट मान्यता प्राप्त नभएको समेत हुँदा धेरै विद्यार्थीहरु ठगिएको दृष्टान्तहरु प्रशस्त छन् ।

विगतमा सार्है प्रचारमा आएको गुदपाक, काजु, जुत्ता-चप्पल, फोहर पदार्थ समेत हाली मदिरा

वनाएको दृश्य विभिन्न टि.भि. च्यानलहरुमा प्रशारण, सहकारीका नाममा सर्वसाधारण जनताको व्यापक ठगी आदि सवै विश्लेषण गर्ने हो भने नेपालमा व्यवसायगत अपराध अर्थात व्यवसायको आडमा सर्वसाधारण पिडीत भई रहेको अवस्था ज्यादै गम्भिर हुदै गएको छ । व्यवसायगत अपराधको आयतन निकै वढ्दै गएतापनि यो त्यति सहजै सतहमा आउन नसक्नु र यस्को भयाबहता जनसाधारण सम्म पुग्न नसक्नुमा विभिन्न कारणहरु छन जसलाई संक्षेपमा निम्नानुसार विवेचन गर्न सकिन्छ ।

१) दिर्घ रोगीहरु विभिन्न उपचारबाट स्वस्थ्य हुन नसक्दा अन्तिम उपायको रुपमा ठगी विज्ञापनको भ्रममा परी व्यवसायिक अपराधको सिकार वन्नु ।

२) चाडो धनी बन्ने लालसाले विभिन्न चलाखीपूर्ण तरिकाले प्रायोजित विज्ञापनहरुको भ्रममा परी ठगिनु । उदाहरणका लागि Gold Quest, Unity प्रकरण, सस्तो आवास योजना आदि ।

३) मानविय कमजोरी र चाहना अनुरुप यौन सम्बन्धि सस्तो र भ्रामक प्रचारवाजीमा फस्नु ।

४) स्वास्थ्य उपचार क्रममा वाध्यतावस अनावश्यक परिक्षण गराउनु पर्ने अवस्था उत्पन्न हुनु, स्वास्थ्य सर्वोपरी हुँदा चिकित्सकको अनावश्यक सल्लाह अनुसार गर्दै जानु पर्ने परिस्थिति हुन् ।

५) चरम बेरोजगारीको परिस्थितिमा रोजगारीको आकर्षक विज्ञापनबाट आक्रोशित हुनु ।

६) उच्च शिक्षाका लागि विदेश जाने लालसाबाट विभिन्न कन्सल्टेन्सीको सम्पर्कमा जानु र दुर्भाग्यवस ठगी गर्ने कन्सल्टेन्सी कहा पुग्नु ।

७) विभिन्न अवस्थामा विकल्पहिन अवस्थामा हुनु- जस्तै सार्वजनिक सवारी साधन बस आदिको विकल्पहिन
प्रयोग । ट्रकद्वारा ढुवानी आदि-आदि ।

व्यवसायगत अपराधबाट पिडित हुनेहरुले विभिन्न कारणले आफु पिडित भएको कुरा बाहिर सहजै रुपले ल्याउने गरेको देखिदैन ।

१) हिन भावना:- आफु ठगिएको कुरा सार्वजनिक भए आफ्नो प्रतिष्ठा घट्ने ठानी बाहिर नल्याउने मनोवैज्ञानिक कारण प्रमुख रुपमा रहेको हुन्छ ।

२) आफ्नै इच्छा अनुसारको कार्य:- धेरै जस्तो अवस्थामा खास गरी औषधी उपचारको सम्बन्धमा आफ्नै चाहना अनुसार गरिने हुँदा ठगिएको थाहा पाएपनि बाहिर नल्याउने प्रकृति ।

३) व्यवसायगत अपराध सम्बन्धमा बृहत र सवैलाई समेटने कानुनी व्यवस्थाको अभावले कार्वाही हुन सक्छ भन्ने एकिन नहुँदा यस्तो अपराधबाट पिडित भएको विवरण यथेष्ट रुपमा बाहिर आउदैन ।

४) अज्ञानता:- सवै खाद्य पदार्थ, औषधि, दैनिक उपभोगका आदि सिलबन्दी सामानहरुमा कानुन अनुरुप उत्पादन गर्ने उद्योगको नाम, के-के पदार्थहरुको मिश्रण छ (Composition) त्यस्को विवरण, उत्पादन मिति, म्याद जाने मिति, मूल्य आदि अनिवार्य रुपले राख्नु पर्ने भएतापनि आम उपभोक्ता यस बारे अनभिज्ञ भएको फाइदा व्यवसायिहरुले उठाउने गरेको देखिन्छ र । उपभोक्ताहरुलाई कुन पदार्थको कहिले सम्म उपभोग्य म्याद छ भन्ने हेर्नु पर्छ भन्ने ज्ञान भइसकेको छैन । शहरी क्षेत्र र अपेक्षकृत शिक्षित समुदायमा समेत यस बारे सचेतना छैन भने कम शिक्षित वर्ग भएका दुरदराज ग्रामिण क्षेत्रहरुमा हुने कुरै भएन ।

५) कार्वाही हुन्छ भन्ने विश्वासमा कमि:- आफु ठगिएको वा व्यावसायिक अपराधबाट पिडित भएको उजुरी गरेर कार्वाही हुन्छ भन्ने विश्वासमा कमिको कारणबाट पनि यस्तो अपराधको उजुरी ज्यादै न्युन हुन्छ ।

६) उपभोक्ता अधिकारको चेतनाको कमि:- पश्चिमा तथा एशिया समेतका विकशित मुलुकहरुमा उपभोक्ता मेच (Forum) ज्यादै, शसक्त रुपमा अगाडी आइ रहेको र उपभोक्ताको अधिकारलाई सर्वोपरी मानिदै आएको छ । तर नेपालमा उपभोक्ताको हक, हिक तथा अधिकार प्रति जागरुकता आएपनि त्यति शासक्त रुपले अघी वढ्न सकेको देखिदैन र उपभोक्ता आफुले शुल्क तिरेको बस्तु तथा सेवाको उत्कृष्ट उपयोग गर्न पाउनु पर्छ भन्ने चेतनामा पनि कमि देखिएको छन् । हालको परिस्थिति कतिसम्म वाध्यात्मक छ भने उपभोक्ताहरुले आफुले किन्न चाहेको चिजवस्तु वा सेवा राम्रो हेर्ने जाँच्ने अवसर समेत पाउन सक्दैनन् । तसर्थ यस तर्फ विभिन्न प्रकारले उपभोक्ताहरु ठगिने प्रबृत्ती तर्फ सम्बन्धित निकायको यथेष्ट ध्यान आकर्षण हुन सकेन ।

७) अपराधि र राजनितिकर्मिको सामिप्य

व्यवसायगत अपराध न्युनिकरण गर्न केही सुझावहरु

माथिको व्यवसायगत अपराधको संक्षिप्त विवेचनाबाट नेपालमा यो द्रुत गतिमा मौलाउदै गएको स्पष्ट हुन्छ । यसलाई समयमै नियन्त्रण गरिएन भने यसले भयावह रुप लिने र नेपाली समाज परम्परागत अपराध भन्दा कैयौ गुणा वढी व्यवसायगत अपराधबाट पिडित हुने दिन निकट भविष्यमै आउने निर्विवाद छ ।

१) माथि उल्लेख गरिएका प्रकाशित विज्ञापनहरु नै यसको उत्पत्ति सम्म पुग्न पर्याप्त हुन्छ । हाल प्रचलनमै रहेको औषधि ऐन २०३५, खाद्य ऐन २०२३, बैदेशिक रोजगान ऐन, कालाबजार ऐन, मुलुकि ऐन इलाज गर्नेको महल, जालसाझिको महल, ठगिको महल आदिले कतिपय कार्यवाही अगाडी वढाउन सकिन्छ ।

२) रोजगारी दिने भनि प्रकाशित विज्ञापन प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, कम्पनि ऐन २०५३ लगायत सम्वन्धित ऐन अनुसार दर्ता छ छैन र सो संस्थाहरु बारे पूर्ण अनुसन्धान तत्काल सुरु गर्नु उपयुक्त हुन्छ ।

३) व्यवसायगत अपराध सम्वन्धि वृस्तित अध्ययन अनुसन्धान गरी हाल भई रहेको ऐन नियम पर्याप्त छ छैन, कस्तो ऐन नियम तर्जूमा गर्नु पर्ने यो सम्वन्धि कार्य उपभोक्ता अधिकारमयको अगुवाइमा गर्नु पर्ने र आवश्यक ऐन तर्जुमा गर्न सरकारलाई दवाव दिने व्यवस्था तत्काल हुनुपर्ने देखिन्छ ।

४) यस्तो अपराध सम्वन्धिमा जनचेतना वृद्धि गर्न र सरकारमा समाजका विभिन्न पक्षबाट दवाव श्रृजना गर्न संचार माध्यमहरुको अत्यन्तै गहन र अहम भूमिका रहन्छ । यस सम्वन्धमा संयुक्त राज्य अमेरिकाको एउटा उदाहरण सान्दर्भिक हुन्छ । संयुक्त राज्य अमेरिकामा सन् १९०६ मा नै शुद्ध खाद्य पदार्थ र औषधी कानुन कांग्रेसबाट पारित भयो । यो कानुन नै सर्वसाधारणको स्वास्थ्य तथा औषधि व्यवसायिकहरु विचको कडा संघर्षको तत्कालिन अन्त्य थियो । यो ऐनले गैर कानुनी कार्य गर्नेको उत्पादन जफत हुने र ठुलो मात्रामा आर्थिक दाण्ड हुने व्यवस्था गरेको थियो । पुनः अमेरिकामा ६० को दशकमा गलत औषधिको प्रयोगले गर्दा हजारौं अपांग वच्चाहरुको जन्म भएपछी यसको कारण पत्ता लगाउदा गर्भवती महिलाहरुले थालीडोमाइड (Thalidomoid) भन्ने औषधि खाएको कारण भएको पत्ता लागे पछी Haris Drug Act 1962 पारित भयो । तै पनि खाद्य र औषधिमा त्यति शुद्धता आएको अमेरिका जनताले महशुस गर्न सकेनन । विभिन्न व्यक्ति, समुहले प्रत्येक तप्काबाट विरोध हुन थालेपछी र जनचेतना जगाउन विभिन्न समाचार पत्रहरुमा समाचार, संपादकिय, लेखको प्रचुरताका साथै यसलाई आधार बनाइ उपन्यास समेत लेखियो । जसको फलस्वरुप अमेरिका राष्ट्रपति रोनाल्ड रेगनको कार्यकालमा जनसाधारणको स्वास्थ्य र सुरक्षामा विशेष ध्यान दिइ खाद्य पदार्थमा मिसावट, गुण स्तरमा कमि र अन्य विकृति हटउन कडा नितिहरु अवलम्बन गरियो र विभिन्न औषधि तथा खाद्य कानुनहरु सह्त्य हुन थाले । नेपालमा पनि यस सम्बन्धमा सबै भन्दा प्रभावशालि भूमिका संचार माध्यमले खेल्न सक्ने कुरा निर्विवाद छ ।

५) उपभोक्ता फोरम र कानुन कार्यान्वयन इकाइ विच सहकार्य, उपभोक्ता हित संरक्षण निमित्त गठिन

उपभोक्ता फोरम र कानुन कार्यान्वयन इकाइ विच सहकार्य अत्यावश्यक छ । उपभोक्ताको आफ्नो हित सर्वोपरी हो र आफुले प्राप्त गर्ने सामान तथा सेवा शत प्रतिशत शुभ र स्वच्छ हुनु आफ्नो नैसर्गिक अधिकार हो भन्ने कुराको चेतना जगाउनु आवश्यक छ ।

६) शुद्ध खाद्य पदार्थका लागि निरिक्षणको व्यवस्था प्रचलित ऐनले गरेको छ । तर निरिक्षण अनुगमनको वर्तमान शैलि कस्तो छ, निम्न समाचारले दर्शाउछ । २०७१ साल श्रावण १३ गते मंगलबारको कान्तिपुरको समाचार । "अनुगमन टोली नै घुस लिँदै, संलग्न अधिकृत निलम्वनमा ! वाणिज्य तथा आपुर्ति मन्त्रालयले अनुगमनका क्रममा घुस लिने ललितपुरका बजार निरिक्षण अधिकृत रामप्रसाद ज्ञवालीलाई निलम्बन गरेको छ । ..................... राष्ट्रिय उपभोक्ता मञ्चका उपाध्यक्षलाई पनि निलम्बन गर्न निर्देशन ............... । टोलीमा प्रशासन, उद्योग वाणिज्य संघ, उपभोक्ताका प्रतिनिधि संलग्न थिए । ....................

७) समाजमा घट्ने कुनै पनि अपराध त्यो परम्परागत, अपराध हो अथवा भ्रष्टचार वा सकेदपोश अपराध वा व्यवसायगत अपराधलाई संवोधन गर्न कानुन कार्यान्वयन इकाइ, समाजका विभिन्न पेशाका व्यक्तिहरु र सर्वसाधारण तथा संचारकर्मिहरुको संयुक्त प्रयासबाट सम्भव छ ।

अन्त्यमा, व्यवसायगत अपराधका रुप र आयामहरु असिमित छन् र यस्तो अपराधबाट सर्वसाधारण जनताहरु पिडित हुने क्रम अत्यन्तै तिव्रताका साथ बढीरहेको छ । यसमा प्रहरी जन साधारण र कानु कार्यान्वयनका अन्य निकायहरुको संयुक्त प्रयास र संचारकर्मिहरुको व्यापक संलग्नता अपरिहार्य छ ।

सन्दर्भ सामाग्री:

१. कान्तिपुर दैनिक

२. अन्नपूर्ण पोष्ट दैनिक

३. नेपाल पत्र दैनिक

४. हिमाल खबर पत्रिका

५. नेपाल ऐन संग्रह (संकलन)

६. Occupational Crime – Article by David O Friedrich University of Scarton U.S.A

७. White Collar Crime - Article by Cynthia Banett CJIS, FBI USA